# संयुक्त राज्य अमेरिका श्रम मन्त्रालय

# सन् २०२२ का निकृष्ट बालश्रम सम्बन्धी निष्कर्षहरू

## नेपाल

निकृष्ट बालश्रम उन्मूलन गर्ने कार्यमा सन् २०२२ मा नेपालले मध्यम स्तरीय प्रगति हासिल गरेको छ  नेपाल सरकारले हरुवा-चरुवा कृषि बन्धक मजदुरहरूको मुक्तिको घोषणा गर्‍यो र यस समूहको लागि क्षतिपूर्तीको व्यवस्था र पुनर्स्थापना कार्यक्रम स्थापना गर्ने वाचा गर्‍यो प्रहरीले दक्षिणी नेपालका इँटाभट्टाबाट बन्धक मजदुरका रूपमा शोषित २७ बालबालिकालाई निकाल्यो भने नेपाल बालअधिकार परिषद्ले ४७ जिल्लाका ११ हजार ६ सय ९६ बालबालिकालाई ४१७ बालगृह मार्फत सहयोग पुर्‍यायो । तैपनि, नेपालमा बालबालिकाहरू व्यावसायिक यौन शोषण र बाध्यात्मक रुपमा सडकमा मगन्ते बनाइनेजस्ता निकृष्ट बालश्रमको पीडित हुने गरेको पाइएको छ । बालबालिकाहरू इँटा उत्पादन जस्तो जोखिमपूर्ण कार्यहरूमा संलग्न रहेको पाइएको छ । बाल बेचबिखन सम्बन्धी नेपालको कानून अपर्याप्त छ किनकि यसले बलप्रयोग, ठगी अथवा जबर्जस्तीको प्रमाणको अभावमा बालबालिकालाई कब्जा गर्ने, नियनत्रणमा राख्ने र ओसारपोसार गर्ने कार्यलाई स्पष्ट रूपमा अपराधीकरण गर्दैन।  बालबालिकालाई अवैध गतिविधिमा प्रयोग गर्न निषेध गर्ने कानून पनि अपर्याप्त छ किनभने यसले लागूऔषधि उत्पादनमा बालबालिकाको प्रयोगलाई निषेध गर्दैन। साथै, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा बालश्रमसम्बन्धी कानुनलाई पर्याप्त रूपमा लागू गर्न आवस्यक स्रोतसाधन र श्रम निरीक्षकको अभाव छ। यसैगरी बालश्रमको सन्दर्भमा सरकारले फौजदारी कानून कार्यान्वयनबारे जानकारी सार्वजनिक गरेको छैन ।

| बालश्रम उन्मूलनका लागि सरकारले लिनुपर्ने कदम सम्बन्धि सुझावहरू | | |
|---|---|---|
| **क्षेत्र** | **सुझाब गरिएका कदमहरु** | **सुझाव दिइएका वर्ष(हरू)** |
| कानूनी प्रावधान | जोखिमपूर्ण काममा प्रवेशका लागि न्यूनतम उमेर १८ वर्ष पुर्‍याउने । | २००९ – २०२२ |
| | बालबालिकालाई काम गर्न निषेध गरिएका जोखिमयुक्त कामहरूको सूची फराकिलो बनाउँदै त्यसमा बालश्रम प्रयोग हुने गरेका इँटाभट्टा लगायतका विभिन्न निश्चित क्षेत्रहरू पनि सुनिश्चित गर्ने । | २०१५-२०२२ |
| | जालसाजी, जबरजस्ती र बल प्रयोगको कुनै पनि प्रमाण देखाउनु पर्ने आवश्यक्ता नरहने गरि कानूनी दायरामा बालबालिकाको तस्करीलाई समष्टिगत रुपमा निषेध गर्दै यस्ता कार्यहरूलाई अपराधको रुपमा घोषणा गर्ने । | २०१५-२०२२ |
| | लागू औषध उत्पादनलगायतका अवैध क्रियाकलापमा बालबालिकाको प्रयोगलाई सुनिश्चित ढंगले कानूनी रुपमै निषेधित गर्ने । | २०१५-२०२२ |
| | गैर-राज्यपक्षका सशस्त्र समूहद्वारा १८ वर्ष मुनिका बालबालिकालाई योद्धाको रूपमा भर्ना गर्ने र गराउने कार्यलाई कानूनी सजाय सुनिश्चित  गर्ने । | २०१६-२०२२ |
| कानूनको कार्यान्वयन | बालश्रम विरुद्धको फौजदारी र श्रम कानूनको प्रावधानहरू पीडकहरू विरुद्ध अर्थपूर्ण रूपमा लागू भएको सुनिश्चित गर्ने र वार्ता र न्यूनतम जरिवानाको सट्टा उपयुक्त भएमा अभियोजन मार्फत मुद्दाहरूको समाधान गर्ने। | २०१८-२०२२ |

| बालश्रम उन्मूलनका लागि सरकारले लिनुपर्ने कदम सम्बन्धि सुझावहरू | | |
|---|---|---|
| **क्षेत्र** | **सुझाब गरिएका कदमहरु** | **सुझाव दिइएका वर्ष(हरू)** |
| | बालश्रम कानून पूर्ण रुपमा लागू गर्नका लागि श्रम विभागलाई पर्याप्त बजेट सुनिश्चित गर्ने । | २०१६-२०२२ |
| | अनौपचारिक क्षेत्र र १० भन्दा कम कामदार काम गर्ने साना कारखाना लगायत सबै क्षेत्रहरूमा अघोषित निरीक्षण सहित उजुरी आधारित र नियमित लक्षित निरीक्षणहरू मार्फत बाल श्रम प्रवर्तन विस्तार गर्ने। | २०१८-२०२२ |
| | लगभग ८७ लाख मानिसहरूको श्रम शक्तिको पर्याप्त निगरानी गर्न श्रम निरीक्षकहरूको संख्या ११ बाट २१८ मा बढाउने। | २०१०-२०२२ |
| | निकृष्ट बालश्रम लगायतका विषयमा कार्यरत श्रम निरीक्षकहरूलाई लक्षित गर्दै बालश्रम सम्बन्धी कानूनी प्रशिक्षण वार्षिक रूपमा गर्ने । | २०१९-२०२२ |
| | आपराधिक अनुसन्धानकर्ताहरूको लागि प्रशिक्षण र सञ्चालनमा रहेका अनुसन्धानका संख्या, जारी र सम्पन्न अभियोजनहरू, र बाल श्रम अपराधविरुद्ध जारी दण्डहरूलाई समावेश गर्ने गरि फौजदारी कानून प्रवर्तन कार्यहरूको तथ्य विवरण प्रकाशित गर्ने। | २००९ – २०२२ |
| | बाल श्रम सम्बन्धी श्रम अदालतको आँकडा सहित गतिविधिको प्रकार र लिङ्ग अनुसार विभाजित बाल श्रमका केसहरूको सूचीकरण र निगरानी गर्न केन्द्रीकृत डाटाबेस सिर्जना गर्दै त्यसको प्रयोग गर्ने। | २००९ – २०२२ |
| | बन्धक श्रमका अपराधीहरूलाई छानबिन, अभियोजन र उपयुक्त भएमा सजाय भोगाउने। | २०२२ |
| | सरकारले मानव बेचबिखन र बन्धक श्रमका मुद्दाहरूको छानबिन गर्ने र आपराधिक रूपमा मुद्दा चलाउने सुनिश्चित गर्ने। | २०२२ |
| सरकारी नीति | बाल श्रम ऐनको उल्लंघनलाई नयाँ नितीगत तहबाट सम्बोधन गर्ने गरी नयाँ संघीय प्रणाली अन्तर्गत सेवाहरूको कार्यान्वयन सुनिश्चित गर्ने। | २०१८-२०२२ |
| सामाजिक कार्यक्रम | निर्माण लगायतका क्षेत्रहरूमा अनुसन्धाको आधारमा बालबालिकाहरू कस्ता गतिविधिमा संलग्न हुँदा रहेछन् भन्ने कुराको ठहर गर्ने र प्राप्त जानकारीलाई सामाजिक नीति निर्माणमा प्रयोग गर्ने । | २०१९-२०२२ |
| | बाँचेर राष्ट्रिय हेल्पलाइनमा कल गर्ने पिडीतहरूलाई समयमै सहयोग प्राप्त गराउने र उनीहरूको पक्षमा आवश्यक हस्तक्षेप सुनिश्चित गर्ने। | २०२२ |
| | विद्यालयमा सफा शौचालयको सुविधा नहुने, विद्यालय लामो दूरीमा रहने, शिक्षा पाउन शुल्क तिर्नु पर्ने, रोजगारीमा लाग्न र वैदेशिक रोजगारीमा जानका लागि दबाब भोग्नु पर्ने र रक्सी र लागू पदार्थ सेवन जस्ता शिक्षा हासिल गर्नमा बाधा पुर्याउने तत्वहरू हटाउने । | २०१३-२०२२ |

| बालश्रम उन्मूलनका लागि सरकारले लिनुपर्ने कदम सम्बन्धि सुझावहरू | | |
|---|---|---|
| **क्षेत्र** | **सुझाब गरिएका कदमहरु** | **सुझाव दिइएका वर्ष(हरू)** |
| | ईंटा भट्टामा कार्यरत बालबालिका सहित व्यवसायीक यौन शोषणबाट पीडित बालबालिकाको हितमा विभिन्न सामाजिक कार्यक्रमहरू तयार  गर्ने । | २०१८-२०२२ |